# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान व्युरो
## बबरमहल, काठमाण्डौ

## प्रेस विज्ञप्ति-४८

### “ आर्थिक लाभ लिई नाबालिकालाई यौन क्रियाकलापमा लगाउने महिलाहरु पक्राउ”

जाहेरवाला **परिवर्तित नाम २६ बबरमहल (३०३)** लाई राम्रो आम्दानी हुने काममा लगाईदिन्छु भनि प्रलोभन देखाई **स्वागतम् रेष्टुरेन्ट एण्ड बार** सञ्चालकले आफ्नो रेष्टुरेन्टमा खाजा खान आउने र सम्पर्कमा आएका व्यक्तिहरुसँग डिल गरी पीडितको ईच्छा विपरीत ग्राहकहरूसँग शारीरिक सम्पर्क राख्न बाध्य बनाई राखेको अवस्थामा यस व्युरोबाट खटिएको प्रहरी टोलीले पीडितलाई उद्दार गरी उक्त कार्यमा संलग्न दुई महिलाहरुलाई काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं.०७ मित्रपार्कबाट पक्राउ गरी मिति २०८१/०२/११ गते बाट लागु हुने गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ३ (तीन) को म्याद थप अनुमति लिई अनुसन्धान भईरहेको।



**पक्राउ परेको अभियुक्तको विवरण :-**

**नामः-** मञ्जु भन्ने श्रृजना खनाल तमाङ घिसिङ
**उमेरः-** २५ वर्ष
**स्थायी वतनः-** जिल्ला दोलखा जिरी नगरपालिका वडा नं.९



**नामः-** निशा भन्ने रमिला नेपाली
**उमेरः-** २६ वर्ष
**स्थायी वतनः-** जिल्ला नुवाकोट साविक दुईपिपल गा.वि.स.वडा नं.९ हाल परिवर्तित वेलकोटगढी नगरपालिका वडा नं.४

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको :-**

- जाहेरवालाको कमजोर आर्थिक अवस्थाको फाइदा लिई रेष्टुरेन्टमा वेट्रेसको काम लगाउने भनी जबरजस्ति वेश्यावृतिमा लगाएको।
- पिडितको ईच्छा विपरीत दैनिक रुपमा ५ देखि १५ जना ग्राहकहरूसँग शारीरिक सम्पर्क राख्न बाध्य बनाएको।
- प्रतिवादीहरुले जाहेरवालालाई ग्राहकसँग शारिरिक सम्पर्क राखे बापत आधा रकम दिने भनि प्रलोभनमा पारी सो रकम पनि नदिएको खुल्न आएको।
- नाबालिकालाई जवरजस्ती वेश्यावृतिमा लगाएको भन्ने गोप्य सूचनाको आधारमा यस ब्यूरोबाट खटिएको टोलीले पीडित नाबालिकालाई उद्दार गरी सुरक्षित आवासमा राखिएको।
- यस घटनासमा संलग्न अन्य प्रतिवादीहरु खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको

**मितिः २०८१/०२/१३ गते।**

**सूचना अधिकारी**
**(गौतम मिश्र)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बरः ९८५१२८११६०**